हाम्रोमत

## सम्पादकीय

# सर्पदंशको क्षति घटाऊ


सर्पदंशबारे भर्खरै प्रकाशित एउटा तथ्यांकले देखाएको चित्र ज्यादै डरलाग्दो छ । खासगरी नेपालको तराईका जिल्लाहरुमा मात्रै हरेक वर्ष ४० हजार हाराहारीलाई सर्पले डस्ने गरेको छ । जसमध्ये ३ हजार हाराहारीले ज्यान गुमाउँछन् । ज्यान गुमाउनेमध्ये ७६ प्रतिशत महिला रहेको तथ्यांक देखिएको छ । स्वास्थ्य सम्बन्धि विश्वप्रसिद्ध जर्नल 'द ल्यान्सेट ग्लोबल हेल्थ' को यसपटकको अंकका अनुसार नेपालमा ५ देखि १४ वर्ष उमेर समूहका नागरिक धेरै सर्पदंशको पीडामा पर्ने गरेका छन् । यो त तराईका जिल्लाहरुमा भएको अध्ययनको निष्कर्ष मात्रै हो । पहाडमा पनि सर्पको समस्या छ । त्यहाँको अवस्था के होला ? कहालीलाग्दो देखिने सर्पदंशले निम्त्याउने क्षति कम गर्न यसबारे सरकार गम्भीर बन्न आवश्यक छ ।

सर्पले डसेर मर्ने तीन हजार जनामध्ये एक तिहाई नागरिकले उपचारै नपाउने अवस्था सबैभन्दा दुःखद् छ । सर्पले डस्ने समस्या तराईका जिल्लामा बढी छ । तर, तराईका धेरै ठाउँमा अहिले पनि सर्पदंश उपचार केन्द्र छैन । भए पनि पर्याप्त उपकरण ती केन्द्रमा छैनन् । सरकारी अस्पतालमा मात्रै केन्द्रीत उपचारलाई विभिन्न ठाउँमा नेपाली सेना र रेडक्रसले पनि सेवा उपलब्ध गराएका छन् । यद्यपि उपचारका ती केन्द्रसम्म पीडित पुग्नै पाउँदैनन् । यसमा मुख्यतः दुईटा कारण छन् । पहिलो, यातायात ससुविधा सबैठाउँमा सजिलै उपलब्ध छैन । दोस्रो, धेरैले आफूलाई सर्पले डसेको थाहै पाउँदैनन् । यसरी हरेक वर्ष तराईमा सर्पले धेरैको ज्यान लिएको छ । यो समस्याको निदानका लागि तीन वटै तहका सरकारले उपयुक्त प्रबन्धमा ढिलाइ गर्न हुँदैन ।

यसबाहेक अर्को समस्या अन्धविश्वासको पनि छ । सर्पले डसेका विरामीलाई घरैमा उपचार गर्ने बहानाले धेरैको ज्यान लिएको छ । सर्पले ज्यादै विषालु विष मानव शरीरमा प्रवेश गराउँछ । तर, सर्वसाधारण भने परम्परागत विधिबाट घरैमा झारफुकमा लाग्छन् । सर्पको डसाइ झारफुकले वा अन्य कुनै घरेलु विधिले ठीक हुँदैन । कम्तीमा यो चेतना सर्प प्रभावित क्षेत्रमा फैलाउन आवश्यक छ । सतर्कताका उपायबारे पनि सर्वसाधारणलाई सूचित गर्नु आवश्यक छ । र, उत्तिकै आवश्यक छ सर्पदंश उपचारलाई अझै सुलभ बनाउन पनि । यसका लागि तराईका स्थानीय सरकारले आफ्नो गाउँ वा नगरपालिका क्षेत्रमा कम्तीमा एउटा सर्पदंश उपचार केन्द्र सञ्चालन गर्न जरुरी छ । साथै सर्पको अति प्रभाव क्षेत्रमा मोटरसाइकल एम्बुलेन्स प्रबन्ध गर्न पनि सकिन्छ । त्यसका लागि स्वयम्सेवक दस्ता बनाउन सकिन्छ ।

मोरङ, सुनसरी, झापा, उदयपुर जस्ता तराईका जिल्लामा यस्तो प्रबन्ध गर्न समस्या हुँदैन । मात्रै स्थानीय सरकारको प्रतिबद्धता र लगन चाहिन्छ । यसमा प्रदेश र संघ सरकारले पनि सहयोग गर्न सक्छन् । समुदायकै सहयोग लिन पनि सकिन्छ । जसरी हुन्छ, सर्पदंश पीडित विरामीले समयमै उपचार पाउने प्रबन्ध सरकारी तहबाट हुन आवश्यक छ । सरकारले गर्नैपर्ने अर्को काम भनेको सर्पदंश उपचार केन्द्रहरुलाई उपकरण पुग्दो दिनुपर्छ, सोही अनुसारको जनशक्ति पनि परिचालन गर्नुपर्छ । सर्पले डस्दा स्नायु प्रणालीमा असर हुन्छ । त्यसपछि श्वासप्रश्वासमा असर पर्छ । यसबाहेक सर्पदंशका विरामीको उपचार गर्न चिकित्सकहरु हच्किँदा पनि मानवीय क्षति बढी भइरहेको छ । यी सबै तथ्यहरुको मिहीन अध्ययन गरेर सरकारले ठोस योजना कार्यान्वयनमा ल्याउनुपर्छ । नागरिकको जीवन रक्षा राज्यको आधारभूत दायित्व हो । यसमा उसले यो वा त्यो बहाना देखाउन पाउँदैन ।

# द्वन्द्व पीडितले कहिलेसम्म पीडा भोग्ने ?






पूर्णप्रसाद पौडेल

**संक्रमणकालीन न्याय द्वन्द्वपीडितको अधिकार हो, संक्रमणकालको अन्त्य देशको आवश्यकता हो । वास्तवमा द्वन्द्वपीडितको समस्या समाधान नभएसम्म शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुग्दैन ।**

सशस्त्र द्वन्द्वसँग सरोकारै नभएको तर द्वन्द्वकै कारण पीडित बनाइएको व्यक्ति हुँ म । तत्कालीन प्रहरी नायब उपरीक्षक वीरशरण थापालाई मैले भाडामा लगाएको गाडी नदिएबापत निजले तत्कालीन शाही नेपाली सेनालाई सुराकी दिए । तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीको आरोपमा २०५८ मंसिर १३ गते मलाई पक्राउ गरी आँखामा पट्टी बाँधी, दुवै हात पछाडि फर्काई, हत्कडी लगाई पाता फर्काएर, खुट्टाका औंला चिर्ने, नङमा पिन गोप्ने, करेन्ट लगाउने, बेलना लगाएर खुट्टाका हड्डी धुलोपिठो पार्नेलगायतका यातना दिइयो ।

१८ महिनासम्म बाँके चिसापानी ब्यारेकभित्रै मलमूत्र समेत लगाएकै कपडामा विसर्जन गरी गराइरहेको अवस्थामा जिउँदो लासका रूपमा कालकोठरीबाट इन्सेकका क्षेत्रीय निर्देशक भोला महत र राष्ट्रिय मानव अधिकार आयोगका अधिकृतको पहलमा छुटकारा पाएँ ।

म बन्दी बनाइएकै समयमा सेनाका जमदार रामबहादुर महतसमेतको टोलीले २०५८ पुस २४ मा मेरो घर खानतलासी गरी पत्नी खगिसरादेवी पौडेललाई बलात्कार गरी बेहोस् बनाइ रु. ५ लाखको बण्डल र खुद्रा पैसा अनि १८ लाख रुपियाँको २ वटा गाडी लुटी, छोराछोरीलाई समेत घाइते बनाएको खबरले मर्माहत भएँ । श्रीमती यौनजन्य हिंसाको समयमा प्रतिकार गर्दा हातको गेडी नै खुस्काइदिएको पीडा खेप्दै औषधिको भरमा बाँच्न विवश छिन् । मनोसामाजिक परामर्शको खाँचो छ उनलाई ।

१८ वर्षदेखि म न्यायिक यात्रामा छु । २०६५ असोज २ मा वीरेन्द्रनगर नपा-६ वडा कार्यालयको मेरो सम्पत्ति क्षतिको सरजमिन मुचुल्कालाई जिल्ला प्रशासन कार्यालय सुर्खेतले अस्वीकार गर्‍यो। तत्पश्चात पुनरावेदन अदालत सुर्खेतको २०७० चैत १९ को आदेशले नगर प्रहरी कार्यालयले वडा कार्यालयकै जस्तो मुचुल्का बनाइ कानुनी आधार तय गरिदियो ।

तत्कालीन औषधि उपचार तथा आर्थिक सहायता सिफारिस समितिको बैठकले निर्णय गरी औषधोपचारका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई २०६७ फागुन २० मा सिफारिस गर्‍यो । त्यसबेला ऋण काढेर गरेको उपचारबापत पाउनुपर्ने ११ लाखको बिलको भुक्तानी आजसम्म पाइएन । यही पुसमा मेरो औषधोपचार खर्चको बारेमा केकसो भइरहेछ भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सूचना माग गर्दा यससम्बन्धी कुनै पनि रेकर्ड फेला नपरेको लिखित जवाफ दिइयो । स्वास्थ्य मन्त्री विरोध खतिवडाले पनि प्रक्रिया दोर्‍होयाउनू भनी फर्काइदिए । सक्कली बिलसहितको फाइल हराएपछि फेरि पाउनु कसरी ? यो विषय मेरा लागि आकाशको फल सावित भैरहेछ ।

जिप्रका सुर्खेतले मलाई द्वन्द्वपीडितको परिभाषाभित्र नपारेपछि राहत, क्षतिपूर्ति, परिपुरण र अभियोजनको मागसहित मैले सर्वोच्च अदालतमा कानुन व्यवसायीद्वय डा. ठकेन्द्रप्रकाश गिरी र ज्ञानेन्द्रराज आरणको सहयोगमा रिट दर्ता गरेँ । न्यायाधीशद्वय हरिकृष्ण कार्की र कुमार रेग्मीको संयुक्त इजलासले २०७७ मंसिर २१ मा सरकार र सत्य निरूपण तथा मेलमिलाप आयोगका नाममा अन्तरिम राहत, परिपुरण र औषधोपचारलगायत आवश्यक देखिएका र सत्य निरूपण तथा मेलमिलाप आयोगलाई उचित लागेको अन्य सुविधा पनि दिन भनी परमादेश जारी गर्‍यो ।

आदेशअनुसार आयोगले रु. ५ लाख अन्तरिम राहतका लागि गृह मन्त्रालयलाई सिफारिस गर्‍यो । गृह मन्त्रालयले आवश्यक निर्णयका लागि मन्त्रिपरिषद्मा पठाए पनि अघिल्लो सरकारले निर्णय गरेन । २०७८ साउन २९ को मन्त्रिपरिषद्को बैठकको निर्णयले मेरो क्याबिनेटमा विचाराधीन फाइल फिर्ता भयो । लामो रस्साकस्सीपछि पुनः निर्णयका लागि गृह मन्त्रालयबाट प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयमा पठाइएको भए पनि अर्थको सहमति नभएको भनी फिर्ता आयो । मेरो दिनचर्या कामको ताकेतामै बितेको छ ।

आयोगले मेरो उजुरीका आधारमा घटनाको विस्तृत छानविन गरी गरेको रु. ५ लाखको दोस्रो सिफारिस भने गृह मन्त्रालयको प्रस्तावमा २०७८ पुस ३ को क्याबिनेटले निर्णय गर्‍यो र सोहीबमोजिम जिल्ला प्रशासन कार्यालय सुर्खेतबाट भुक्तानी पाउनुपर्नेमा तहाँस्थित लेखा अधिकृतले मसमेत परिवारका ५ जनालाई राष्ट्रिय वाणिज्य बैंकमा खाता खोल्न लगाए तर पटकपटक धाउँदा समेत खातामा पैसा हालिदिएनन् । कोष तथा लेखा नियन्त्रण कार्यालयले लेखालाई दोष दिने, लेखा कानमा तेल हालेर बसिदिँदा सहिनसक्नु पीडा भयो । जिल्ला प्रशासन कार्यालयका हाकिमहरू कोरोनाको महामारी भन्दै तर्किए । माघ २ गते जिल्लामा आएको उक्त रकम धाउँदाधाउँदा गृह मन्त्रालयमार्फत पटकपटक ताकेता लगाउँदा माघ १८ गते बल्लबल्ल खातामा हालिदिए । हामीजस्ता पीडितलाई राष्ट्रसेवक भनिने सरकारी कर्मचारीले आफ्नै खल्तीको दिनेझैँ यसरी झुलाउने र दुःख दिने काम किन गर्छन् ?

यता सत्य आयोगले पीडकको पहिचान भए पनि बयान लिइ प्रमाण नपुगेको भनी छाडिदियो । सत्य निरूपण आयोगले हचुवाका भरमा म र मेरो परिवारका सदस्यलाई पीडित परिचयपत्र वितरण गर्‍यो । परिचयपत्र बाहक म स्वयम्लाई समेत कानुनबमोजिम 'क' वर्गको दिनुपर्नेमा 'ख' दिइयो ।

सत्य निरूपण आयोगका अध्यक्ष गणेशदत्त भट्टले भूलवश 'ख' लेखेको स्वीकार गरे पनि संशोधन गर्न मानेनन् । सत्य निरूपण आयोगकै सदस्य मना दाहालले विधवा बुहारी संगीता पौडेलको परिचयपत्र लिन बोलाएकाले जाँदा परिचयपत्र र सिफारिसबारे सोध्दा मलाई तथानाम गालीगलौज गर्दै प्रहरी लगाएर आयोग परिसरबाट निकाल्ने दुस्साहस समेत गरिन् ।

अतः सर्वोच्च अदालतको २०७२ भाद्र ९ को फैसलाबमोजिम पीडकको पहिचान खुलाउनुपर्ने, घटना विवरण र आफूबाहेक परिवारको अन्य सदस्य भए वास्तविक पीडित नाम उल्लेख गर्नुपर्नेमा त्यसो गरिएन । परिचयपत्र संशोधनका लागि सम्बन्धित पीडितको लिखित अनुरोध पनि अस्वीकार गरियो ।

त्यसैले पुनः सर्वोच्चमा रिट दर्ता गरेँ । अदालतको २०७८ मंसिर २१ को अन्तरिम आदेशबाट त्यस्ता परिचयपत्रसम्बन्धी कार्य रोकिएको छ । आयोगमा परेका ६३,७१६ द्वन्द्वपीडितका उजुरीमध्ये नगण्य संख्यामा मात्र विस्तृत छानविन भएको पाइन्छ ।

उमेरले नेटो काटिसकेको वृद्ध ६६ वर्षीय रोगी शरीर काठमाडौँको चिसोमा ऋण काढेर महिनौँसम्म न्याय माग्दै कहिले मन्त्रालय, कहिले आयोग, कहिले अदालत त कहिले वकिल, कहिले कता, कहिले कता घिस्रिनु मेरो कुनै रहर थिएन तर मलाई बाध्यतामा पारियो ।

टुहुरा बालबच्चासहितकी विधवा बुहारी गरिवीका कारण सुर्खेत क्याम्पसमा साढे ३ वर्षदेखि रु. ५ हजार ५ सय ९० रुपियाँमा कार्यालय सहयोगीका रूपमा ठेक्कामा काम गरिरहेकी थिइन् । त्रिभुवन विश्वविद्यालयका सहप्रशासक विष्णुप्रसाद अर्यालले त्रिवि कार्यकारी परिषद्को २०७८ कात्तिक ४ को बैठकको निर्णय नं. ११२३ अनुसार श्रेणीविहीन कार्यालय सहयोगीहरूलाई मासिक पारिश्रमिक रु. १५,०००।- उपलब्ध गराउनुपर्ने प्रमाण दिएपछि पुस महिनादेखि मात्र बुहारीको हकमा उक्त निर्णय कार्यान्वयन भएको छ । जबकि साउनदेखि उक्त पत्र गोप्य राखियो ।

हालसालै गृह मन्त्रालयले सशस्त्र द्वन्द्व तथा ऐतिहासिक जनआन्दोलनका क्रममा घाइते भई अपाङ्गता भएका व्यक्तिहरूलाई घाइते अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकनसम्बन्धी सूचना जारी गरेको छ । तत्कालीन शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गतको द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदलको प्रतिवेदनमा मलगायत मेरी पत्नी खगिसरादेवीको नामावली विवरणमा छैन ।

म र मेरो परिवारका सदस्यहरू द्वन्द्वपीडितका रूपमा अभिलेखमा सूचीकृत छैनौँ । यसर्थ सशस्त्र द्वन्द्वमा घाइते भै अपाङ्गता भएका व्यक्तिहरूको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन (प्रथम संशोधन सहित) कार्यविधि २०७४ अनुसार मेरो शारीरिक अशक्तताको मापन भै वर्गीकरणतर्फ सम्बन्धित निकायको ध्यान गएन । यसतर्फ तत्काल ध्यान जाओस् ।

प्रचलित कानुनी व्यवस्था, संविधानले प्रत्याभूत गरेको द्वन्द्वपीडितको हक, अधिकारको संरक्षण तथा प्रचलनका लागि नेपाल सरकारको प्रतिबद्धता र क्रियाशीलता व्यवहारमा लागु हुन जरुरी छ । द्वन्द्वकालको पीडा आत्मसात गरी सामाजिक सौहार्द कायम गर्नका लागि दण्डहीनताको अन्त्य अपरिहार्य तत्व हो ।

संक्रमणकालीन न्याय द्वन्द्वपीडितको अधिकार हो, संक्रमणकालको अन्त्य देशको आवश्यकता हो । वास्तवमा द्वन्द्वपीडितको समस्या समाधान नभएसम्म शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुग्दैन । मजस्ता वर्षौंदेखि भौतारिरहेका पीडितको चित्कार कहिले सुन्ने, सम्बोधन गर्ने ?

# नेप्सेसँगै कारोबार रकम घट्यो

विराटनगर, ४ माघ (हाम्रोमत)-- मंगलबार अन्तिम प्रहरमा ५० अंक अधिकको फड्को मारेको नेप्से परिसूचक बुधबार १९.८४ अंकले संकुचित भएर २७३४.४४ को विन्दुमा झरेको छ। आइतबार एकैदिन १०० अंक झरेर सोमबार स्थिर रहेको नेप्से मंगलबार उकालो लागेपनि बुधबार फेरि झरेको हो। बुधबार कारोबार रकम पनि घटेको छ। यस दिन ३ अर्ब २ करोड ६३ लाख रुपैयाँ बराबरका ५६ लाख ५२ हजार १८२ कित्ता कारोबार भएको छ।

कारोबार रकमका आधारमा अपि पावर शिर्ष स्थानमा रहेको छ। हाइड्रोपावरको २१ करोड १४ लाख रुपैयाँको कारोबार भएको छ। यस्तै, सर्वाधिक कारोबार हुने नेशनल हाइड्रो र अरुण भ्याली हाइड्रो पनि हुन्। नेशनल हाइड्रोको १७ करोड ७८ लाख रुपैयाँ र अरुण भ्याली हाइड्रोको १६ करोड रुपैयाँ अधिकको कारोबार भएको छ।

बुधबार नेप्सेले दोहोरो अंक गुमाउँदा कारोबार भएका अधिकांश उपसमूह पनि सँगै घटेका छन्। अघिल्लो दिन अन्तिम प्रहरमा बजार बढ्दा निकै उत्साह देखिएको जलविद्युत उपसमूहले बुधबार भने नकारात्मक प्रस्तुति दिएको छ। यो उपसमूह २.१८ प्रतिशत घटेको छ।

सबैभन्दा कम गिरावट बैंकिङ उपसमूहमा देखिएको छ। उपसमूहले ०.३० प्रतिशत मात्र गुमायो। बाँकी अन्य उपसमूहमा पनि ०.४५ प्रतिशतदेखि १.८४ प्रतिशतसम्मको गिरावट आएको छ। जीवन बीमा र अन्य उपसमूह भने सामान्य अंक बढेका छन्।

यस दिन सर्वाधिक गुमाएका बुद्ध भूमि हाइड्रोका लगानीकर्ता हुन्। हाइड्रोको मूल्य ५.५६ प्रतिशत घट्यो भने मैलुङ्ग खोलाका लगानीकर्ताले पनि ५ प्रतिशतका दरले गुमाए। सिङ्गटी हाइड्रो र सीइडिबी हाइड्रो पनि ४ प्रतिशतभन्दा धेरै घटे।

परिसूचक घटेपनि गुराँस लघुवित्तका लगानीकर्ता भने ३.४४ प्रतिशतका दरले कमाउन सफल भएका छन्। यस्तै ज्योति लाइफ इन्स्योरेन्सको मूल्य पनि ३.२३ प्रतिशत बढ्यो।

# मौरीपालनबाट ५० लाख कमाउने योजना

हाम्रोमत संवाददाता

*खोटाङ, ४ फागुन*

खोटाङका तीन युवाले वार्षिक ५० लाख रपैयाँभन्दा धेरै कमाई गर्ने योजनासहित मौरीपालन थालेका छन् ।

ऐँसेलुखर्क गाउँपालिका-३ धोद्रे राई टोलका जीवन राई, हर्कबहादुर सुनुवार र रामबहादुर राईले व्यवसायिक रुपमा मौरीपालन सुरु गरेका हुन् ।

ऐँसेलुखर्क कृषि समूह मौरी ब्लक नामक कृषि फर्म दर्ता गरेर मौरीपालन सुरु गरेका तीन जनाको समूहसँग अहिले १० घार मौरी छन् । सुरुमा ६० घार लगाएको भएपनि प्राविधिक ज्ञानको कमीले ३० घार मौरी उडेर गएको र २० घार मोरी लगातारको वर्षाले मरेको सुनुवारले बताए ।



प्राविधिक कुरा सिकेपछि मौरीलाई कसरी सुरक्षित गर्न सकिन्छ भन्ने ज्ञान पाएको उनले बताए । जम्मा ७५० घार मौरी पाले समूहको योजना छ । केही समयभित्रमै योजनालाई साकार पार्न यतिबेला धमाधम मौरी खरित कार्य भइरहेको सुनुवारले बताए ।

प्रदेश सरकारको ५० प्रतिशत अनुदानस्वरुप २५ लाख र समूहको २५ लाख गरी जम्मा ५० लाख रुपैयाँ लगानीमा मौरीपालन सुरु गरिएको हो । अहिलेसम्म केही मह निकालेर बिक्रीसमेत गरिसकेको उनीहरुको भनाइ छ ।

मौरीको मह मंसिरमा र वैशाखमा गरी वर्षमा दुईपटक निकाल्ने गरिन्छ। जसमा एक घारबाट ६ सय एमएलको बोत्तलमा ५ बोत्तलसम्म मह उत्पादन हुन्छ भने एक बोत्तल मह १ हजार ५ सय रुपैयाँको दरले बिक्री हुने गरेको छ। ७५० घार मौरी पाल्दा एक वर्षमा रु ५० लाख बढी आम्दानी हुने उनीहरुको भनाइ छ ।

मौरीले बिभिन्न फूलको रसबाट मह उत्पादन गर्ने भएको हुँदा घार वरीपरी तोरी लगाइएको छ । पानी परेको समयमा मौरी बाहिर चर्न जान नसक्ने भएकाले लामो समय लगातार वर्षा हुँदा सबैभन्दा धेरै समस्या हुने गरेको छ ।

## केहि महत्वपूर्ण टेलिफोन नम्बरहरु

### एमबुलेन्स सेवा

- मोरङ सहकारी अस्पताल ५२३२३०, ९८४२२८२७७७
- जिसस मोरङ ५३६३५३
- निर्माण व्य. संघ ५२३८३६, ५३०५७२
- नेरेसो रंगेली ५८००४८
- चेतनशील मित्र परिषद् ९८४२२६६२३१
- नेपाल दुरसंचार सं.क. संघ ५३३३३३
- पूर्वाञ्चल नर्सिङ होम ५२३१५५
- अवधनारायण नर्सिङ होम ५२२८११
- विराट नर्सिङ होम ५२७०७१
- पथरी नर्सिङ होम ५५५३४३
- लायन्स क्लव सेन्ट्रल ५३७००१
- जीवन वि. स. कर्सिया ५६५०८८
- शनिश्चरे एम्वुलेन्स सेवा ५५५१४४
- न्युरो हस्पिटल प्रा.लि. ४१७४७५, ४१६०२४
- पोखरिया बचत एम्बुलेन्स ९८४२२७७६६६
- लाइफ गार्ड एम्बुलेन्स सेवा ९७४२०४२३३३
- ग्रामीण महिला जागरण ५३१०६५
- च्यारेटी ट्रष्ट धरान ०२५-५२१६००

### दमकल

- विराटनगर बारूणयन्त्र ४२००००
- इटहरी बारूणयन्त्र ५८०१०१
- धरान बारूणयन्त्र ५२०१९९
- इनरूवा बारूणयन्त्र ५६०१०१
- दमक बारूणयन्त्र ०२३-५८०१०१
- भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

### अस्पताल

- कोशी अं. अ. इमरजेन्सी ५२४२३४
- अवधनारायण नर्सिङ होम ५२२८११
- विराट नर्सिङ होम ५२२१४४
- विराट मेडिकल कलेज ४२१०६३, ४२११८२
- ब्लड बैंक ५२३३२६
- आँखा अस्पताल ५२३७०६
- मोरङ सहकारी अस्पताल ५२३२३०
- सप्तकोशी नर्सिङ होम ५२७९५४
- न्युरो हस्पिटल प्रा.लि ४१७४८४, ४१६२६७
- नौलखा डेन्टल केयर ५२१०८२
- नेपाल क्षयरोग निवारण संस्था ५२२८२७
- लाइफ गार्ड हस्पिटल ९७४२०४२३३३

### प्रहरी

- पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
- जिल्ला प्रहरी ५३०३५८, ५२३९०१, १००
- जिल्ला ट्रा.प्र.का. ५३५३९९, १९९, ५३५५९९
- नगर प्र.का., विराटनगर ५२१८५०, ५३०३६७, ११०
- इ.प्र.का.,रानी ४३५३६४, १०८
- सिआरभी (CRV) १०९
- इप्र.का.,रंगेली ९८५२०९०१४४
- इ.प्र.का., उर्लावारी ५४०००२
- सिमा प्रहरी चौकी रानी ४३५८४०

### होटल

- होटल स्वागतम ४७२४५०
- होटल इष्टर्न स्टार ४७१६२६
- होटल संगम पार्टी प्यालेस ५३०४०३
- होटल एभरेष्ट ईन ४७२८४४
- होटल नमस्कार ५२११९९
- होटल प्यासिफिक ४७१०३६
- होटल मुन ९८०२७२७७७७
- सगरमाथा पार्टी प्यालेस ४७१४९३
- दिव्यरत्न होटल ९८५२०३३२९६